# नेपालका प्राचीन गणेशमूर्ति

**मोहनप्रसाद खनाल**
ने.ए.अ.के.त्रि.वि.

नेपाली मूर्तिकलाको क्षेत्रमा सर्वमान्य तथा लोकप्रिय देवप्रतिमाका रूपमा गणेशमूर्ति देखिएको छ। विघ्नविनाशक माङ्गल्यका एकमात्र दाता गणेश वा गणपतिको आज सर्वत्र अग्रपूजा र सम्मान प्राप्त छ। देवतै देवता वा मन्दिरै मन्दिर भएको देश या नगर मानिने नेपालका प्रायः प्रत्येक गाउँ टोल र मन्दिरका वरपर अथवा सामुन्नेमा गणेशको सानै भए पनि मूर्ति स्थापना गर्ने परम्परा भएको पाइन्छ। त्यस्तै घरघरमा गरिने पंचदेवोपासनामा गणेश हुनु अनिवार्य नै छ। पितृकार्यको अतिरिक्त प्रत्येक शुभ कार्यको आरम्भमा गणपतिको स्मरण वा पूजा अनिवार्य मानिन्छ। तर वेद तथा उपनिषद्को प्रारम्भ गणपतिको स्मरणबाट भएको छैन। स्मृति पुराणहरूमा पनि यस्तो कुनै संकेत पाइँदैन। रामायण र महाभारतको थालनी पनि "श्री गणेशाय नमः" बाट भएको छैन। यहाँ सम्म कि पछि बनेका कतिपय पुराणहरूमा समेत आदि श्लोक गणपतिलाई नमस्कार नगरिकनै शुरू गरिएको छ। मध्यकालका शुरूताकाका शिलालेखहरूको यही स्थिति छ। ललितविस्तार आदि ग्रन्थहरूमा जो उपास्य देवताका सूची पाइन्छ, त्यस्ता ग्रन्थहरूमा पनि गणेशको कुनै संकेत सम्म पाइँदैन। अन्य देवताहरू सरह प्राचीनकालमा गणेशको स्वतन्त्र संप्रदाय वा परंपरा भएको कुनै दह्रो प्रमाण छैन। वेदमा पनि गणेशका वारेमा एउटा सूक्तसम्म पनि पाइँदैन। "गणनाँत्वा गणपति" को जुन सूक्त ऋग्वेदमा छ, त्यो गजानन, गणेशका लागि नभएर देवादिगणका पति अर्थात् व्रहमणस्पति का लागि रचिएको मन्त्र हो भन्ने विद्वानहरूको मत छ।[१] त्यस्तै वाजसनेयी संहिताको "गणानांत्वा गणपति हवामहे" सुक्तको सम्बन्ध पनि अश्वमेधको घोडाका निमित्त हो भन्ने कुरा स्पष्ट छ।[२]

वैदिक कालपछि का व्राम्हणकाल र उपनिषदकालका साहित्यमा पनि गणेश व गजाननका वारेमा कुनै संकेतसम्म पाइँदैन। तर सूत्रकालमा भने रूद्र र रूद्रकी पत्नी अम्बिकाका साथ एउटा नविन तथा रहश्यमय देवता 'विनायक' सम्बन्धि महत्वपूर्ण प्रसंग प्राप्त छ।[३] मानव गृह्य सूत्रको एक ठाउँमा चार विनायकको नाम शालकटंकट, कूष्माण्ड राजपुत्र, उस्मित र देवयजन वताइएको छ।[४] वास्तवमा यी विनायक देवयोनीका नभएर भूतयोनीका देखिएका छन्। त्यसैले यिनीहरूको प्रसंग अहितकारी, उपद्रवी अर्थात् भयावह जीवका रूपमा आएको हो। परन्तु वोधायन गृह्यसूत्र मा एउटा अर्को विनायकको चर्चा

*Contributions to Nepalese Studies,* Vol. 21, No. 2 (July 1994), *221-233.*
Copyright © 1994 CNAS/TU

पाइन्छ। जो विघ्नकारीबाट विघ्नपति भएका छन् र अव विघ्नविनासका लागि स्मरण गरिने विधान छ तापनि यिनको क्रूर स्वभावले गर्दा विधिवत अर्चना पछि उसलाई अन्तकतै टाढा जान प्रार्थना गरिन्छ।[५] परन्तु कालान्तरमा यिनको यो भयावह स्वभावको स्मृति समाजबाट हराउँदै गयो र यिनी विघ्नहन्ता एवं विघ्नविनाशकका रूपमा पूजिन थाले। गृह्यसूत्रका यी विनायक धर्मसूत्रमा आएर हस्तिमुख, वक्रतुण्ड तथा लम्वोदर आदि उपाधिद्वारा विभूषित हुन पुगे। जो रूद्रगण एवं भूतगण आदिका लक्षण मानिन्छन्।

वोधायन गृह्यसूत्रमा एउटी देवीका साथ यिनको साहचर्य बताइएको छ, जसको नाम हो जेष्ठा। विनायककै समान यिनलाई पनि हस्तिमुखा भनिएको छ र यिनको स्वभाव पनि क्रूर अर्थात विनायककै समाननै भएको पाइन्छ।[६]

रूद्रका साथ मरूद्गणको उल्लेख सर्व विदितनै छ। यिनै मरूद्रगणका स्वामी गणपतिका नामले प्रशिद्ध थिए। विभिन्न गण तथा भूतहरू संग रूद्र-सहचर्य भएको प्रमाण वैदिक साहित्यमा उपलव्ध छ। यिनै भूत अथवा गणहरू मध्येका विनायक भूतविनायकका नामले प्रशिद्ध थिए। जसलाई वोधायन गृह्यसूत्र मा भूतपति, भूपति, भूतानांपति र भूवनपतिको उपाधिले विभूषित गरिएको छ।[७] यी सवै उपाधिहरू रूद्रका लागि प्रयुक्त भएको तथ्य वैदिक साहित्यमा वर्णित छ। यसरी वैदिक कालका रूद्र र सूत्रकालका विनायकको तादात्म्यता वा एकत्मता भएको प्रमाण कृष्ण तथा शुक्ल यजुर्वेद को ज्यम्वकहोम र शतरूद्रीय सूक्तमा पाइन्छ।[८] यसै शिलसिलामा रूद्रको विशेष वाहन मूषक (मुसा) को प्रसंग वडो अर्थपूर्ण छ। यसको अतिरिक्त वोधायन गृहय-सूत्रमा विनायकलाई 'उग्र' र 'भीम' भनिएको छ[९] जो वैदिक संहितामा यो रूद्रको उपाधि थियो। त्यस्तै महाभारत तथा पुराणहरूमा शिवलाई गणपति,[१०] गजेन्द्र कर्ण, लम्वोदर, दंष्ट्रिन भन्ने जस्ता गणेशका विशेषण लगाएइको छ[११] भने अन्य पुराणहरूमा शिवका 'त्रिपुरान्तक, त्रिलोचन, भालचन्द्र र 'ईश' आदि विशिष्ट उपाधिहरूले गणेशलाई सम्मानित गरिएको छ।[१२] यसबाट सूत्रकालका 'विनायक' नै वैदिक रूद्रको अर्को एउटा रूप थियो भन्ने कुरा स्पष्ट हुन्छ। वैदिक रूद्रको यो स्वरूप नै पछिल्ला कालमा आएर एउटा स्वतन्त्र देवताका रूपमा विकसित हुन पुग्यो। जो शुरूमा रूद्र, त्यसपछि विनायक र कालान्तरमा आएर गणेशका नामले विख्यात भयो। त्यसैले सौर पुराणमा गणेशनै वास्तवमा शिव हुन् भन्ने कुरा स्पष्टसंग लेखिएको छ।[१३]

यसरी गणेशको शिवसंगको तादात्म्यता प्राचीनकाल देखिनै भएको पाइन्छ तापनि ''गणपत्यर्थव'' शीर्षमा स्पष्टतया गणेशलाई शिव-सुत भनिएको छ। शिवसंग गणेशको एकात्मता भएको अर्को वलियो प्रमाण यो पनि छ, त्यो हो शिवको समान गणेशको लिङ्ग प्रदर्शन र गजाननका निधारमा देखिने तेस्रो आँखा जो गणेशका केही मूर्तिहरूमा स्पष्ट देखिन्छ।

पुराण र प्राचीन साहित्यहरूमा गणेशलाई शिवपुत्र भनिएको प्रसंग माथिनै भनियो। त्यसैले उमा र महेश्वरका साथ गणेशको सामिप्य देखाइनु स्वाभाविक कुरा हो। तर मूर्तिकलामा भने उमामहेश्वरका गणसहितका मूर्तिहरूमा गणेशको स्थान गौण रूपमा

देखाइएको छ र कुमारको स्थान र स्थिति भने भव्य तथा ओज पूर्ण देखिन्छ। त्यसैले उमा–महेश्वरका मूर्तिहरूमा गणेशलाई शिवपरिवार भित्र नराखी शिवगणका लहरमा राखेको स्पष्ट छ।

यसै प्रसंगमा अव गणेशमूर्तिबारे विचार गरौं। प्रतिमा लक्षण संग सम्बद्ध अनेक ग्रन्थहरू चतुर्भुज, षड्भुज र अष्टादशभुज आदि वहुभुज गणेशको वर्णन गर्दछन्। यस प्रकारको विशेष विवेचना गणेश पुराणमा पाइन्छ। यी मध्ये चतुर्भुज प्रतिमा वढि लोकप्रिय छ। यसको अतिरिक्त द्विभुज गणेशका मूर्तिहरू पनि पाइएका छन् जो चतुर्भुज, अष्टभुज, दशभुज आदि गणेशमूर्तिहरू भन्दा निःसन्देह प्राचीनत प्रतीत हुन्छन्। साहित्यमा द्विभुज गणेश प्रतिमाको दुई ठाउँमा मात्र उल्लेख छ। पहिलो बृहत्सहितामा[१४] र दोस्रो गणेशपुराणको कलिपूज्य गणेशको वर्णन गर्दाको समयमा।[१५] यसमा निःसन्देह बृहत्संहिताको उल्लेख प्राचीन हो। जसअनुसार गणेशको हातमा परशु र मूला हुनु अनिवार्य छ।

लिच्छविकालका गणेश बारे उल्लेख भएका शिलालेखहरू पाइएका छैनन्। त्यसैले नेपालमा गणेश मूर्तिहरूको स्वतन्त्र अस्तित्व वा पूजा कहिलेदेखि चल्यो यसवारे किटेर भन्न गाह्रो थियो। तर अव हामी त्यस स्थितिमा छैनौं। काठमाडौ उपत्यका भित्र लिच्छवि कालमा वनेका अभिलिखित गणेश मूर्तिहरू पाइएका छन्।[१६] यस्ता महत्वपूर्ण उपलब्धिले हाम्रा विचार र धारणाहरूमा ठूलो परिवर्तन ल्याएका छन्। यिनै परिवर्तित विचार तुलनात्मक अध्ययन र प्रमाणका आधारमा हामीले स्वतन्त्र गणेश मूर्तिको परम्परालाई लिच्छविकालको चरमोत्कर्ष युगभन्दा पनि अझ अगाडिसम्म लान सकेका हौं।

काठमाडौ उपत्यकामा अहिलेसम्म गणेशका १८ वटा प्राचीनतम् मूर्तिहरू पाइएका छन्। जसमध्ये अभिलेखयुक्त गणेशका प्राचीन मूर्तिको संख्या दुई छ तापनि यी मूर्तिहरू लगभग पाँचौं देखि सातौं शताब्दि वीचका देखिन्छन्। मोदकपात्र सहित दुइहातका अतिरिक्त एकदन्ती, लम्वोदर इत्यादि प्रारम्भिककालका गणेशप्रतिमाका खास लक्षण हुन्। यस्ता मूर्तिकलामा पाइने निम्नलिखित विशेषताहरू प्रति सावधानीका साथ विचार गर्नु आवश्यक छ।

१. गणेशको मस्तक मुकुट रहित प्राकृतिक हात्तीको छ।
२. सवै मूर्तिहरूका २ हात छन्।
३. अलंकार रहित गणेशको शरीर स्थुल हुनुका साथै लम्वोदर छ।
४. प्रायः सवै मूर्तिहरू अर्ध पर्यंकासनमा छन्।
५. गणेशको सूंड केही वायाँ तर्फ घुमी देब्रेहातको मोदकपात्र माथि अडेको छ।
६. सवै मूर्तिहरू सर्प- यज्ञोपवीत द्वारा आवद्ध छन्।
७. वायाँ हातमा रहेको मोदकपात्रको अतिरिक्त दायाँ हातमा फल वा मूला छ।
८. गणेशका साथमा उनका कुनै पनि पार्षद वा परिवार छैनन्। यहाँ सम्म कि उनको वाहन मुसाको समेत दर्शन पाईदैन।
९. सवैनै मूर्ति एकदन्ती छन्।
१०. हातका वालाको अतिरिक्त आभूषणको सर्वथा अभाव छ।

माथि उल्लेख गरिएका विशेषताहरूलाई दृष्टिगत गर्दै प्रामाणिक आधारमा यस्ता मूर्तिहरू वारे विचार गर्नु आवश्यक छ।

यसै सन्दर्भमा कागेश्वरी, मणिचूड र नालामा गरी गणेशका तीन वटा दुर्लभ र प्राचीन मूर्तिहरू पाइएका छन्। लिच्छविकालीन गणेशका यी मूर्तिहरू अहिलेसम्म प्राप्त भएका अन्य गणेश मूर्तिहरू भन्दा अलि वेग्लै र चाख लाग्दा छन्। यस मध्ये पनि कागेश्वरी स्थित गणेशमूर्ति शैली, बनोट र लिपिका आधारमा प्राचीनतम देखिएको छ (चित्र नं. १)। त्यसैले यस्ता मूर्तिलाई आधार मानेर अन्य गणेश मूर्तिका बारेमा चर्चा गर्नु उपयुक्त हुनेछ।

मुकुट रहित मूर्तिको शिर प्राकृतिक हात्तीको छ। द्विभुज गणेशको दायाँ हातमा मूला र बायाँ हातमा मोदकले भरिएको पात्र छ। गणेशको तुण्ड केही वायाँ तर्फ घुमी मोदकपात्र माथि गएर अडेको छ। हातमा भएको वालाको अतिरिक्त शरीरमा कुनै पनि आभूषणको प्रयोग भएको छैन। अर्धपर्यंक आसनमा विराजमान यस मूर्तिमा सर्प- यज्ञोपवीत देखिन्छ। समष्टि रूपमा भन्ने हो भने साँखु, (चित्र नं ४) टंगाल, हाडिगाउँ, (चित्र नं. ५) पाटनढोका, यंगाल (चित्र नं ६) र पशुपति (चित्र नं ७) आदि ठाउँमा प्राप्त गणेश मूर्तिकै समान यस मूर्तिको शैली, ढाँचा र बनोटमा त्यति अन्तर देखिंदैन। तर अहिले सम्म पाइएका अन्य सवै गणेश मूर्तिका वायाँ हातमा फल जस्तो कुनै वाटुलो वस्तु देखिन्छ भने यस मूर्तिको दायाँ हातले मूला लिएको स्पष्ट छ जुन "प्रमथाधिपो गजमुखः प्रलम्व जठर .... विभ्रन्मूलक दण्ड" आदि शास्त्रको वचन अनुरूप छ।[१७] त्यति मात्र होइन यस गणेशमूर्तिको अर्को चाख लाग्दो पक्ष हो लिङ्ग प्रदर्शन, जो समकालीन अन्य गणेश मूर्तिहरूमा पाइँदैन। यसको अतिरिक्त अहिलेसम्म पाइएका मूर्तिहरूमध्ये यसको विशेष महत्व छ। त्यो हो गणेशको पादपीठमा भएको लिच्छवि अभिलेख। जसलाई लिपिका आधारमा पूर्व लिच्छविकालीन अर्थात ईशाको पाँचौं शताव्दिताका राख्न सकिन्छ। अभिलेख सहितको यति पुरानो गणेशमूर्ति भारतमा समेत दुर्लभ मानिन्छ। जवकि अफगानिस्तानको कावुल नजिकै पीर रतननाथ दरगाहमा प्राप्त गुप्तकालीन 'महा-विनायक' मूर्तिलाई छाडेर अभिलेखाङ्कित गणेशका प्राचीन मूर्तिहरू भारतमा पनि पाइएका छैनन्। त्यसैले भारतीय उप-महाद्विपमा नै दुर्लभ मानिने यस मूर्तिको प्राप्तिलाई ठूलो उपलव्धि मान्नु पर्छ।

अव भारतका गणेशमूर्ति वारे पनि चर्चा गरौं। त्यहाँका मूर्तिहरू मध्ये मथुराको संकिसामा रहेको गणेशमूर्तिनै अहिले सम्ममा सवैभन्दा पुरानो अर्थात् प्रारम्भिक गुप्तकालको भएको विश्वास गरिन्छ।[१८] त्यसपछि मथुरा संग्रहालयमा संग्रहित १५-७५८, १५-७९२ र १५- १०६४ संख्याका मूर्तिहरूको क्रम देखा पर्दछ। यी सवै मूर्तिहरू द्विभुज हुनुका साथै लम्वोदर छन्। गणेशको सूँड वायाँतर्फ घुमेर मोदकपात्र माथि गएर अडेको छ। सर्प- यज्ञोपवीत वाहेक वस्त्र तथा आभूषणको विलकुलै अभाव छ।

यस पछिका अन्य मूर्तिहरू जुन लगभग गुप्तकालताकाका भन्ने विश्वास गरिन्छ, ती हुन् उदयगिरी, अहिच्छत्रा,[२०] देवगढ[२१] र राजघाट (वाराणसी) आदि ठाउँमा प्राप्त गणेश मूर्तिहरू, जो प्रायः स्थानक अर्थात् उभिएको अवस्थाका छन्। तीध्ये पनि संकिसामा प्राप्त र मथुरा संग्रहालयको संख्या १५-७५८ (चित्र नं ८) को साथै उदयगिरी ६ नं गुफाको

आसनस्थ मूर्ति विशेष अवलोकनीय छ। यहाँ गणेशको नग्न रूप अर्थात् लिङ्ग देखाइएको छ। जुन अन्य गणेश मूर्तिहरूमा विरलै पाइन्छ। यसको साथ साथै मध्य प्रदेश र दक्षिण भारतको वेगी नामक स्थानका द्विभुज गणेशको उल्लेख पनि आवश्यक छ।

माथि चर्चा गरिएका गणेशमूर्ति मध्ये अफगानिस्तानको कावुल नजिकै रतननाथ दरगाहमा पूजित गणेशमूर्तिको पादपीठमा तिथि, मिति रहित पछिल्लो गुप्तकालीन लिपिमा लेखिएको अभिलेख प्राप्त छ।[२२] तापनि उक्त मूर्ति शैली, बनोट र ढाँचाका आधारमा कागेश्वरी स्थित नेपाली गणेशमूर्ति भन्दा पछाडिको भएको कुरा निम्नांकित तथ्यले स्पष्ट गर्दछ।

१. मूर्तिको शिर प्राकृतिक हात्तीको जस्तो छैन।
२. टाउकोमा शिरस्त्राण अर्थात् मुकुट पहिरीएको छ।
३. कान साना हुनुको साथै मानवाकारको छ।
४. सूँड छोटो अर्थात् मुख तर्फनै दविएको देखाइएको छ।
५. गलामा सुन्दर दानादार हार देखिन्छ।
६. सर्प- यज्ञोपवीतको साथै माथिल्लो पेटमा डोरी अथवा सानो पटुका वाँधिएको छ।
७. कटीमा बाघाम्वरको संगै ऊर्ध लिङ्ग देखिन्छ।

यस प्रकार माथि उल्लेखित (चित्र नं. ९) मूर्तिमा पछिल्लाकालमा पाइने लक्षणहरू विद्यमान छन्। त्यसैले यो मूर्ति कागेश्वरी स्थित नेपाली गणेश मूर्तिभन्दा पछाडिको देखिन्छ।

कागेश्वरी स्थित गणेशमूर्तिको महत्व र विशेषता बारे विचार गर्दा यसको पादपीठमा भएको अभिलेखका विषयमा चर्चा गर्नु आवश्यक छ। जसले तात्कालिक मूर्तिकलाका साथै सामाजिक इतिहासको दृष्टिले पनि महत्व राख्दछ।

नेपालमा प्राचीन काल देखिनै वर्ण व्यवस्था थियो। लिच्छविकालमा चार वर्ण र अठार जातका मानिसहरू वसोवास गर्दथे।[२३] यी मध्ये लिच्छवि, कोली, वृजिक, मल्ल, शाक्य र आभिर वा गुप्त आदि थर गोत्र भएका मानिसहरूको उल्लेख पाइन्छ[२४]। त्यसैले यस अभिलेखमा एकजना बजिक (वृजिक) ले यो मूर्ति स्थापना गरी ५० खेत गुठी राखेको प्रसंग छ।[२५]

माथि उल्लेखित गणेशमूर्ति पछि अव वनोट, परंपरा र स्थितिका हिसावले मणिचूड पोखरी नजिकैको एउटा सानो मन्दिरमा स्थापित गणेश मूर्तिवारे विचार गर्नु आवश्यक छ। खैरो वलौटे ढुङ्गामा निर्मित यो (चित्र नं २) मूर्ति ईशाको छैठौं शताव्दिको प्रतीत हुन्छ। जुन मूर्तिमा समकालीन अरू गणेश मूर्तिहरूको भन्दा शैलीगत आधारमा केही भिन्नता पाइन्छ। हुन त गणेशका प्राय सवै पुराना मूर्तिहरू लगभग एकै प्रकारका देखिने हुँदा यिनीहरूवारे पृथक पहिचान गर्नु त्यति सजिलो छैन तापनि परंपरागत वनोट, शैली र बसेको स्थिति एवं हातमा लिएका वस्तु आदिका हिसावले यस्ता मूर्तिहरू वीच देखापर्ने

भिन्नता प्रति ध्यान जानु स्वभाविकै हो। त्यसैले यो मूर्तिमा देखिएको शैलीगत भिन्नता प्रति निम्नाङ्कित कुराहरूले हाम्रा ध्यान आकृष्ट गर्दछन्।

१. समकालीन अन्य गणेश मूर्तिका दाँजोमा यो मूर्ति स्थूल छैन।

२. यस मूर्तिको गलामा सामान्य प्रकारको हार देखिन्छ।

३. गणेशमूर्तिको दायाँ हातले वीजपूरक अर्थात् विमिरो लिएको छ। जो अन्य समकालीन मूर्तिहरूमा पाइँदैन। यसको अतिरिक्त अन्य मूर्तिहरूमा कुनै वाटुलो फल वा मूला देखिन्छन्।

४. अर्ध -पर्यक आसनमा यो मूर्ति दायाँ गोडा टेकी वायाँ गोडा पलेटी मारेको अवस्थमा वसेको छ।। जो अरू मूर्तिको ठीक उल्टो देखिन्छ।

यसरी यो मूर्ति समकालीन अन्य गणेश भन्दा भिन्न देखिन्छ तापनि चाँगुको छिन्नमस्ता मन्दिर भित्र प्राप्त सातौं शताव्दिको अभिलेखयुक्त गणेशमूर्तिको वसाई र यसको वसाईको स्थितिमा कुनै अन्तर देखिंदैन[२६] तर यस मूर्तिसंग चाँगुस्थित छिन्नमस्ता मन्दिर भित्रको गणेशमूर्तिको तुलना आवश्यक छ। किनकि छिन्नमस्ता मन्दिर भित्रको गणेश मूर्ति भन्दा यस मूर्तिमा प्राचीनकालका कतिपय लक्षणहरू विद्यमान छन्। त्यसैले मध्यकालताका निर्मित गणेशका केही मूर्तिहरूको वसाईको स्थिति र शैलीगत प्रकृयालाई हेर्दा मणिचूडका गणेशमूर्तिको आदर्शमा चाँगुलगायत पछिल्ला कालका गणेशमूर्तिहरू वनेका देखिन्छन्।

यसै शिलशिलामा हालै मात्र आठौं शताव्दिको गणेशको सान्है आकर्षक एउटा मूर्ति फेला परेको छ। नाला देखि पूर्व पट्टी फाँटको सानो मन्दिर भित्र शिवपरिवारको मूर्ति संगैको ढुङ्गामा नृत्यमुद्राका केही अन्य मूर्तिहरू पनि देखिएका छन्। यिनै शिवगणहरूमध्ये गणेश (चित्र नं ३) को यो प्रतिमा नृत्य मुद्रामा रहेको छ। प्राकृतिक हात्तीको टाउको भएको यस मूर्तिको शिरमा सामान्य प्रकारको शिरस्त्राण देखिन्छ। नाग- यज्ञोपवीतका साथै धोती र उत्तरीयको जुन प्रयोग यसमा देखिन्छ त्यो विलकुलै नौलो तथा चाखलाग्दो छ।

द्विभुज यस मूर्तिको वायाँ हातमा भएको मोदकपात्र माथि गणेशले आफ्नो सूंड राखेका छन्। त्यस्तै उनको दायाँ हातले प्रस्फूटित कमल फूलको गट्टा टिप्न लागेको देखिन्छ जसले गणेशका अधिकांश मूर्तिहरूका दायाँ हातले लिएको फलजस्तो वाटुलो वस्तुको प्रतिनिधित्व गरेको छ। त्यसैले गणेश मूर्तिका दायाँ हातमा रहेको फलजस्तो वस्तुनै वास्तवमा कमल फूलको गट्टा भएको कुरा देखिन आएको छ।

## टिप्पणी

१. ऋग्वेद २.२३.१। Benerjee, Jitendra Nath: The Development of Hindu Inconography P. 575. र सम्पूर्ण-नन्द, गणेश वाराणसी, सं २००१, पृ १।

२. वाजसनेयी संहिताः २३ -१९

३. मानव गृह्य-सूत्रः २-१४

४. मानव गृह्यसूत्रः २-१४ "अथातो विनायकान् विख्याप्यामः शालकटंकटश्च कूष्माण्ड राजपुत्र श्चोस्मितच देवयजनश्चेति। २-१४
५. बोधायन गृह्यसूत्र : ३.३.१०
६. बोधायन गह्यसूत्रः ३.३.९, जेष्ठायैनमः .... हस्तिमुखायै नमः विघ्नपार्षदायै नमः विघ्नपार्षध्यै नमः इति
७. बोधायन गृह्यसूत्रः ३.३.१०
८. तेत्तिरीय संहिता १, ८, ६। वाजसनेयी संहिता ३,५७,६३।
९. बोधायन गृह्यसूत्र ३,३.१०
१०. महाभारत अनुशासन पर्व १७।४२, पृ. ५५१६
११. वायुपुराण २४,१४७,३०.१८३। ब्रम्हापुराण ४०, १५
१२. -अग्निपुराण ३४८, २६ । ब्रहमवैवर्त पुराण भाग ३,१३.४१
१३. सौरपुराण ४३.४८
१४. बृहत्संहिता, ५७ "प्रमथाधिपो गजमुखः प्रलम्बजठरः कुठारधारी स्यात एक विषाणो बिभ्रन्मूलका दण्ड.......।"
१५. गणेश पुराण, उत्तराई १.२.१- "कलौ तु धुम्रवर्णोसावचश्वारूढोद्विहस्तवान्।"
१६. खनाल, मोहनप्रसाद- चाँगुनारायणका ऐतिहासिक सामग्री, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि. वि., कीर्तिपुर। २०४०,पृ ७०।
१७. बृहत्संहिता ५७।
१८. Getty, Alice, *Ganesha,* Oxford, 1936. p.1.2
१९. *The Development of Hindu Iconography* pl.xv,1
२०. Agrawala, V.S 'Terracotta Figurines from Ahichchhatra', *Ancient India* Vol. 4.
२१. Vats, M.S. The Gupta Temple at Deogarh, AsI. Memoir no 70, 1951, Pl x (b) Ganesh on pollar medallion
२२. Agrawala, R.C, Urdhvaretas, Ganesh from Afghanistan, *East and West,* Vol. 18 March -June 1968. PP 166-68.
२३. बज्राचार्य धनवज्र-लिच्छविकालका अभिलेख, नेपाल र एशियाली अध्ययन संस्थान, त्रि। वि। २०३०, पृ. १७२
२४. ए. ऐ. ऐ. पृ. १७२-७३
२५. "बजिक प्रभा वैशस्य दत्तः थिम्पातुम्प्रदेश भूमि ५० पिण्डक मा २५"।
२६. चांगुनारायणका ऐतिहासिक सामग्रीको चित्रसंख्या १९।


कागेश्वरीमा प्राप्त चित्र नं. १ को यो मूर्ति Archaedogical Excavations in the Kathmandu Valley नामक ग्रन्थमा Mohan Pd. Khanal र Theodore Riccurdi Jr. द्वारा प्रकाशित हुँदै छ।



चित्र नं. १



चित्र नं. २




चित्र नं. ३



चित्र नं. ४




चित्र नं. ५



चित्र नं. ६



चित्र नं. ७



चित्र नं. ८



चित्र नं. ९